डिभिजन वन कार्यालय, पाल्पाको

# सामुदायिक वनमा वन सम्वर्द्धन प्रणालीमा आधारित वनकार्ययोजना तयारी, संशोधन तथा कार्यान्वयनको लागि कार्यक्रम माग गर्ने सम्बन्धि सूचना

प्रथम पटक सूचना प्रकाशित मिति : २०८०/१०/२३

श्री डिभिजन वन कार्यालय, पाल्पाको आ.व. ०८०/८१ को वन, वन्यजन्तु, जैबिक बिबिधता संरक्षण तथा ब्यबस्थापन तर्फ स्विकृत बार्षिक कार्यक्रम मार्फत ५ (पाँच) वटा सामुदायिक वन उपभोक्ता समूहमा वन सम्वर्द्धन प्रणालीमा आधारित वन ब्यबस्थापन कार्ययोजना तयारी, संशोधन तथा कार्यान्वयनको लागि बजेट बिनियोजन भई आएकोले उक्त कार्यक्रम कार्यान्वयन गर्नको लागि लुम्बिनी प्रदेश सरकारद्धारा आ.व. ०८०/८१ को लागि स्वीकृत तपशिल बमोजिम कार्यक्रम कार्यान्वयन कार्यबिधीको अधिनमा रही पाल्पा जिल्लाभित्रका तोकिएको मापदण्ड पुरा गरेका सामुदायिक वन उपभोक्ता समूहहरुले ७ (सात) दिनभित्र सम्बन्धित सब डिभिजन वन कार्यालय मार्फत समूहको निर्णय सहित कार्यक्रम माग गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**स्वीकृत बार्षिक कार्यक्रम कार्यान्वयन कार्यबिधीमा उल्लेखित ब्यबस्था :**

वनको उत्पादन र उत्पादकत्व अभिबृद्धि गर्दै दीगो रुपमा वन पैदावार प्राप्त गर्ने उद्धेश्यले स्वीकृत वन ब्यबस्थापन योजनाको अधिनमा रही यो कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ । लुम्बिनी प्रदेशबाट जारी भएको " वन सम्वर्द्धन प्रणालीमा आधारित वन ब्यबस्थापन मापदण्ड २०७९ " बमोजिम सामुदायिक वनहरुको वन बाली स्थापना गर्न, हुर्काउन, स्याहार सम्भार गर्न तथा पुनरुत्पादन नियमन गर्न अवलम्बन गरिने छनौट प्रणाली (Selection system), छत्र प्रणाली (Shelterwood system), सरपट कटान प्रणाली (Clear Felling system) लगायतका वन सम्वर्द्धन प्रणाली (सिल्भिकल्चर सिस्टम) मध्ये कुनै एक उपयुक्त प्रणाली अपनाई कार्ययोजना नवीकरण/संशोधन गर्ने वा नयाँ कार्ययोजना तयार गर्ने र यसरी नवीकरण भएका वा नयाँ बनेका कार्ययोजना कार्यान्वयन गर्न सकिनेछ । यस शिर्षकमा बिनियोजन बजेट पुनरुत्पादन कटान, पुनरुत्पादन तयारी कटान, थिनिङ्ग तथा सुधार कटान, पुनरुत्पादन अभिबृद्धि कार्यक्रम, अग्नीरेखा मर्मत सम्भार, अग्नीरेखा निर्माण, खहरे तथा पानी निकास ब्यबस्थापन, वन संरक्षण, अतिक्रमण नियन्त्रण, वनक्षेत्रमा बृक्षारोपण र वन संरक्षण लगायतका कार्यहरुलाई प्राथमिकता दिई खर्च गर्नुपर्नेछ भन्ने ब्यबस्था स्वीकृत बार्षिक कार्यक्रम कार्यान्वयन कार्यबिधीमा उल्लेख भई आएको छ ।

उपरोक्त कार्यक्रम कार्यबिधी बमोजिम कार्य गर्न ईच्छुक र मापदण्ड पुरा गरेका सामुदायिक वन उपभोक्ता समूहहरुले तोकिएको म्यादभित्र निम्न कागजातहरु साथ कार्यक्रम माग गर्नुपर्नेछ :

- वन सम्वर्द्धन प्रणालीमा आधारित वन ब्यबस्थापन मापदण्ड, २०७९ बमोजिम वन ब्यबस्थापनको लागि आवश्यक पर्ने क्षेत्रफल पुगेको हुनुपर्नेछ ।
- सामुदायिक वन उपभोक्ता समूहको निर्णय (निर्णयमा निम्न बमोजिमका कुराहरु खुलाउनु पर्ने),

- स्विकृत वन व्यबस्थापन कार्ययोजनाको म्यादसमाप्त भएको वा म्याद समाप्त नभएको अवस्थामा प्रचलित कानुन बमोजिम संशोधन गर्न आवश्यक भएको ।
- समूहले वन सम्वर्द्धन प्रणालीमा आधारित वन कार्ययोजना तयारी/संशोधन गरि दीगो रुपमा कार्यान्वयन गर्न ईच्छुक र प्रतिवद्ध रहेको ।
- उक्त कार्यक्रम मार्फत वन सम्वर्द्धन प्रणालीमा आधारित वनकार्ययोजना तयारी/संशोधनको लागि सब डिभिजन वन कार्यालय मार्फत डिभिजन वन कार्यालयमा कार्यक्रम माग गर्ने सम्बन्धमा समूह सदस्यहरुको बहुमतले निर्णय गरेको ।

❖ सम्बन्धित सब डिभिजन वन कार्यालयको प्राबिधिक राय सहितको सिफारिस पत्र ।

❖ गत आ.व.को लेखापरिक्षण प्रतिवेदन र बार्षिक प्रतिवेदन ।

❖ समूहको कार्यक्रम माग सम्बन्धि निवेदन/पत्र ।

बिस्तृत जानकारीको लागि यस कार्यालय वा सम्बन्धित सब डिभिजन वन कार्यालयमा सम्पर्क राख्न सकिनेछ । रित नपुगेको वा तोकिएको म्यादभित्र प्राप्त हुन नआएको कागजातहरु उपर कारवाही गरिने छैन । प्राप्त कागजातहरुको आधारमा समूहलाई छनौट गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

- डिभिजन वन कार्यालय,

तानसेन, पाल्पा